पाँचखपन नगरपालिका, संखुवासभा

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २१ मितिः २०७८/१०/२८

**भाग-२**

**पाँचखपन नगरपालिका**

# जेष्ठ नागरिक परिचय-पत्र वितरण नियमावली, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/१०/२१
प्रमाणिकरण मितिः २०७८/१०/२३
प्रकाशन मितिः २०७८/१०/२८

**प्रस्तावनाः**

पाँचखपन नगरपालिका संखुवासभा अन्तर्गतको जेष्ठ नागरिकहरुलाई परिचय-पत्र वितरण कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ३ बमोजिम पाँचखपन नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "जेष्ठ नागरिक परिचय-पत्र वितरण नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

१) जेष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

२) हकवाला भन्नाले मुलुकि ऐन अपुतालिको महल बमोजिम जेष्ठ नागरिकको अपुतालि खान पाउने हकवाला सम्झनुपर्छ ।
३) जेष्ठ नागरिक क्लव भन्नाले जेष्ठ नागरिले आफ्नो हकहित र अधिकार संरक्षणको लागी प्रचलित कानुन बमोजिम स्थापना गरेको क्लव सम्झनुपर्छ ।

**२. जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि व्यवस्था :**
पाँचखपन नगरपालिका स्थायी बसोवास भएका साठी वर्ष उमेर पुरा गरेको प्रत्येक नागरिकलाई निम्न विवरण सहितको जेष्ठ नागरिक परिचय पत्र दिइने छ ।
क) निवेदनको नमुना अनुसुचि १ बमोजिम ।
ख) परिचय पत्रको नमुना अनुसुचि २ बमोजिम ।

**३. जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्नका लागि आवश्यक कागजपत्रहरु :**
क) निवेदन
ख) नागरिकताको फोटोकपि : १ थान
ग) फोटो ३ प्रति

**४. विविध**
क) जेष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने सबैको कर्तव्य हुनेछ ।
ख) यो नियमावलीको आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निःशुल्क परिचय पत्र जारि हुनेछ ।
(ग) यस नियमावलीलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा नगर कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।
**१३. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** (१) यस नियमावलीको उद्देश्य कार्यन्वयन गर्न नगर कार्यपालिकाले यस नियमावली बमोजिम निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

**१४. खारेजी र बचाउः** (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाबै नगर कार्यपालिकाको कार्यालयद्वारा भए गरेका सबै काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची-१**
**(दफा २ सँग सम्बन्धित)**
**निवेदनको ढाँचा**

मिति.....................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
पाँचखपन नगर कार्यपालिकाको कार्यालय
वाना संखुवासभा ।

विषय :-जेष्ठ नागरिक परिचय पत्र पाउँ ।

उपरोक्त सम्बन्धमा प्रचलित कानुन बमोजिम म जेष्ठ नागरिक भएको हुदा जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन देहायको विवरण पेश गरेको छु। जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु।

:

पति/पत्नीको नाम :
सम्पर्क व्यक्तिको नाम :
संलग्न कागजात :

निवेदक
दस्तखत :
नामथर :
उमेर :
ठेगाना :

अनुसूची-२
(दफा २ सँग सम्बन्धित)
परिचय-पत्रको ढाँचा

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना संखुवासभा

फोटो

जेष्ठ नागरिक परिचय-पत्र

नाम,थर........................................................
ना.प्र.नं.........................................................
ठेगानाः संखुवासभा जिल्ला, पाँचखपन नगरपालिका, वडा नं. ........, नगर/टोल .............
उमेर : ......... वर्ष लिङ्ग ...............
रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम : ..........................
पति/पत्निको नाम :
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ...............
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाईल नं. ..................................................
उपलब्ध छुट तथा सुविधाहरु : स्वास्थ्य उपचार, यातायात आदिमा तोकिए अनुरुप छुट

.................................
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत